RMDC

ग्रामीण

# लघुवित्त

वर्ष ९ अंक १ पूर्णाङ्क ३० २०६७ आश्विन

## आरएमडिसी साझेदार संस्थाहरूको ग्राहक सदस्य संख्या १० लाख नाघ्यो

काठमाडौं/ लघुवित्तको माध्यमबाट विपन्न वर्गमा वित्तीय सेवा पुऱ्याउदै आएको आरएमडिसीका साझेदार संस्थाहरूको सदस्य संख्या दस लाख नाघेको छ । लघुवित्तको विकास तथा प्रवर्द्धनमा समर्पित आरएमडिसीले प्राप्त गरेको यो महत्वपूर्ण उपलब्धि हो । वि.सं. २०६७ को असार मसान्तमा पहिलोपटक आरएमडिसीका साझेदार संस्थाहरूको सदस्यहरु संख्या १० लाख नाघेको हो । २०६७ असार मसान्तसम्ममा आरएमडिसीका साझेदारहरूले १० लाख १३ हजार ५ सय ७१ विपन्न वर्गमा सेवा पुऱ्याइसकेका छन् ।

विकास बैंक, लघुवित्त विकास बैंक, सहकारी संस्था तथा राष्ट्र बैंकबाट वित्तीय मध्यस्तकर्ताको अनुमति पाएका गैरसरकारी संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउदै आएको आरएमडिसी एउटा राष्ट्रियस्तरको लघुवित्त विकास बैंक हो । एसियाली विकास बैंकबाट प्राप्त घुम्तिऋण कोष, विभिन्न बाणिज्य बैंकहरूबाट विपन्न वर्ग अन्तर्गत प्राप्त कर्जा, सेयर पूँजी र अन्य दातृ संस्था मार्फत वित्तीय श्रोत जुटाउँदै आरएमडिसीले कर्जा प्रवाह गरिरहेको छ । जसमा सेण्टरको नियमित कोष, बीज कोष, लघुउद्यम, सामुदायिक पशु विकास परियोजना (सिएलडिपी) तथा गरीवी निवारणकालागि जापानी कोष (जेएफपिआर) रहेका छन् ।

मलुकका ५८ जिल्लामा छरिएका ८८ साझेदार संस्था मार्फत लघुवित्त क्षेत्रमा एक दशक भन्दा लामो समय देखि सक्रिय रहेको आरएमडिसीले २०६७ असोज मसान्त सम्ममा कुल ४ अर्ब ९० करोड कर्जा प्रवाह गरिसकेको छ । यो अवधिसम्म संस्थाले प्रवाहित कर्जा मध्ये २ अर्ब ८० करोड ४५ लाख कर्जा असूल गरिसकेको छ भने २ अर्ब ९ करोड ५४ लाख कर्जा असूल गर्न बाँकि रहेको छ । आरएमडिसीले हालसम्म ५ अर्ब ७३ करोड ५८ लाख रूपैया ऋण स्वीकृत गरिसकेको छ ।

करिव पाँच अर्ब रूपैया कर्जा प्रवाह गरिसकेको सेण्टरको खराव कर्जा शुन्य रहेको छ । स्थापनाकाल देखि हालसम्म खराब कर्जा बिना संचालन हुँदै आएको आरएमडिसी बैंक तथा वित्तीय संस्थाहरूका लागि एक अनुपम नमुना हो । आरएमडिसीले आर्थिक वर्ष २०६६/६७ मा ३८ साझेदार संस्थाहरूका लागि १ अर्ब २० करोड १९ लाख रूपैया कर्जा प्रवाह गरेको छ भने ७७ करोड ९८ लाख कर्जा असूल गर्न सफल भएको छ । कर्जा प्रवाह तर्फ सेण्टरको प्रगति लक्ष्य भन्दा ६ प्रतिशतले बढी छ भने असूली तर्फ शत प्रतिशत सफलता पाएको छ । उक्त अवधिमा स्वीकृत रकम मध्ये पुराना साझेदारहरूका लागि १ अर्ब ५२ करोड तथा नयाँ साझेदारहरूकालागि १ करोड ३५ लाख स्वीकृत गरिएको छ ।

आर्थिक वर्ष २०६६/६७ मा आठ वटा नयाँ संस्थाहरू आरएमडिसीको साझेदार बन्न सफल भएका छन् । जसमा कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लि. जाजरकोट, हिमचुली कृषि सहकारी संस्था लि. कालिकोट, हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. अछाम, भिमकूल बचत तथा ऋण सहकारी संस्था लि. गोरखा, लालीगुँरास वहुउद्देश्यीय सहकारी संस्था लि. तथा शुभकामना वहुउद्देश्यीय सहकारी संस्था लि. तनहुं एवं लालिमा बहुउद्देश्यीय सहकारी संस्था लि. रूपन्देही रहेका छन् । आरएमडिसीको नयाँ साझेदारको रूपमा आएका यी संस्थाहरूलाई कुल १ करोड ३५ लाख रूपैया ऋण स्वीकृत भएको छ ।

गरीबीको अवस्थाबाट गुज्रिरहेका तर लघुवित्तको पहुँच बाहिर रहेका उच्च हिमाली तथा पहाडी जिल्लामा संचालित लघुवित्त संस्थाहरूका लागि सेण्टरले बीज कोष संचालनमा ल्याएको छ । वार्षिक २ प्रतिशत व्याजदरमा कर्जा उपलब्ध भईरहको यो कोष अन्तर्गत हाल चार संस्थाहरूले लघुवित्त कार्यक्रमहरू संचालनमा ल्याएका छन् । जसमा हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. अछाम, हिमचुली कृषि सहकारी संस्था लि. कालिकोट तथा कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लि. जाजरकोट रहेका छन् भने बीज कोष अन्तर्गत नै सेण्टरले महुली सामुदायिक विकास केन्द्र, सप्तरीलाई यसै आर्थिक वर्ष देखि खोटाङ जिल्लामा संचालिन लघुवित्त कार्यक्रम विस्तारका लागि कोष प्रदान गरिसकेको छ । हिमाली तथा पहाडी जिल्लामा लघुवित्त कार्यक्रम विस्तार गर्ने नीति अनुरूप सेण्टरले निकट भविष्यमा नै थप पहाडी तथा हिमाली जिल्लामा कार्यक्रम विस्तार गर्ने तयारी गरिरहेको छ ।

### ग्रामीण लघुवित्त को सूचना

रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (आरएमडिसी) द्वारा प्रकाशित यस त्रैमासिक समाचार पत्रिकामा नेपालका लघुवित्त संस्थाहरुको गतिविधि, समाचार तथा लघुवित्त सम्बन्धी लेख एवं सफलताका कथाहरु छापिने छन् । प्रकाशित लेख तथा कथाका लागि यस सेण्टरको नियमानुसार उचित पारिश्रमिक उपलब्ध गराइनेछ । लघुवित्त संस्थाहरुले आफ्ना त्यस्ता गतिविधि, समाचार तथा सफलताका कथाहरु निम्नलिखित ठेगानामा पठाउनु हुन अनुरोध छ ।

रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.
पो.ब.नं. २०७८९, पुतलीसडक, काठमाडौं, नेपाल ।

### यस अंकमा


- क्षेत्रीय लघुवित्त सम्मेलन सम्पन्न - पृष्ठ २
- स्वमूल्यांकन गोष्ठी आयोजना - पृष्ठ ३
- आन्तरिक लेखापरीक्षण तालिम सम्पन्न - पृष्ठ ४
- वित्तीय विश्लेषण तथा प्रभावित कर्जा व्यवस्थापन तालिम सम्पन्न - पृष्ठ ५
- एसिया लघुवित्त सम्मेलनमा नेपालका लघुवित्त संस्थाहरूको सहभागीता - पृष्ठ ६
- सफलताको कथा - पृष्ठ ७

# क्षेत्रीय लघुवित्त सम्मेलन सम्पन्न




सम्मेलनको अवसरमा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै
आरएमडिसीका प्रमुख कार्यकारी अधिकृत शंकरमान श्रेष्ठ

मुलुकका पाँचै विकास क्षेत्रका लघुवित्त संस्थाहरू समेटी लघुवित्त सम्मेलन आयोजना गर्ने क्रमको अन्तिममा आरएमडिसीले मध्यमाञ्चल क्षेत्रीय लघुवित्त सम्मेलन काठमाण्डौंमा सम्पन्न गरेको छ । ५ र ६ जेठ, २०६७ मा सम्पन्न सो कार्यक्रममा मध्यमाञ्चल क्षेत्रलाई केन्द्रविन्दु बनाई लघुवित्त कारोवार गरिरहेका सेण्टरका साझेदार संस्था एवं अन्य लघुवित्त संस्था, वाणिज्य बैंक, नेपाल राष्ट्र बैंक लगायत अन्य सम्बन्धित संस्थाहरूका १ सय ५० भन्दा बढी प्रतिनिधिहरूको सहभागिता थियो । सम्मेलनको उद्घाटन लघुवित्त कार्यक्रमको माध्यमबाट आफनो जीवनस्तर उकास्न सफल चार महिलाहरूले संयुक्त रूपमा गर्नुभएको थियो । जसमा छिमेक विकास बैंक हेटौंडाकी सदस्य शान्ति खतिवडा, महिला सहयोगी सहकारी संस्था बालाजुकी सदस्य सरस्वती सुवेदी, स्वावलम्बन विकास केन्द्र, काठमाडौंकी सदस्य आरती परियार तथा मानुषि, काठमाडौंकी सदस्य रूमा सुनार हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा आउनुभएका नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले लघुवित्त आर्थिक लगायत सामाजिक एवं पारिवारिक विभेद अन्त्यको मुख्य उपाय भएको बताउनुभयो । लघुवित्तले महिला सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दै परम्परागत सोचमा परिवर्तन ल्याउन सकेको उहाँको भनाई थियो । लघुवित्त वित्तीय पहुँच बढाउने सहज एवं दीगो उपाय भएकाले यसको प्रबर्द्धनमा केन्द्रीय बैंकले विशेष पहल गर्ने उहाँले बताउनुभयो । डा. खतिवडाले मौद्रिक नीति मार्फत लघुवित्त क्षेत्रका धेरै समस्यालाई सम्बोधन गर्ने आश्वासन समेत दिनुभयो ।

सोही कार्यक्रममा बोल्दै आरएमडिसीका प्रमुख कार्यकारी अधिकृत शंकर मान श्रेष्ठले लघुवित्त संस्थाहरू सहज पँहुच भएका क्षेत्रमा केन्द्रित हुँदै गएकाले लक्षित वर्गको ठूलो संख्या अझै लघुवित्तको दायरामा नआएको बताउनुभयो । हिमाली तथा पहाडी जिल्लामा लघुवित्तको विकास र विस्तार सोचे अनुरुप नभएकाले आरएमडिसीले यस्ता क्षेत्रमा लघुवित्त कार्यक्रम प्रबर्द्धन गर्नकालागि वार्षिक दुई प्रतिसत व्याजमा कर्जा उपलब्ध गराउने विशेष कार्यक्रम ल्याएको उहाँले जानकारी दिनुभयो ।

यस अघि सेण्टरले पूर्वाञ्चल क्षेत्रीय सम्मेलन २६ र २७ पुस, २०६६ मा विराटनगरमा तथा पश्चिमाञ्चल क्षेत्रीय सम्मेलन २१ र २२ माघ, २०६६ मा पोखरामा र मध्यपश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल क्षेत्रीय सम्मेलन २० र २१ फागुन, २०६६ मा नेपालगञ्जमा आयोजना गरिएको थियो । आयोजना गरिएका सबै सम्मेलनमा सो क्षेत्रका लघुवित्त संस्थाहरूको सहभागिता थियो । एउटै क्षेत्रमा कार्यरत लघुवित्त संस्थाहरूका साझा समस्या, भोगाई तथा सिकाईहरू एक आपसमा साटासाट गर्ने थलोको रूपमा विकास गरिएका यस्ता सम्मेलनहरूमा पहिलो दिन सहभागी संस्थाहरूले संस्थागत प्रगति विवरण तथा आफुले जानेका, सिकेका नयाँ कुरा तथा समस्याहरू प्रस्तुत गरी एक अर्काका अनुभव तथा सिकाईहरू साटासाट गरेका थिए । सहभागीहरूको समस्याहरूको सूचीकरण तथा समाधानका उपायका विषयमा छलफल समेत पहिलो दिन नै भएको थियो ।

यसैगरी सम्मेलनको दोश्रो दिन विभिन्न विषयमा कार्यपत्र प्रस्तुतीकरण तथा छलफलको कार्यक्रम गरिएको थियो । घोषणा पत्र जारी गर्दै सम्मेलन समापन गरिएको थियो ।

### क्षेत्रीय सम्मेलनको घोषणापत्रका मुख्य बुँदाहरूः

- सहभागी हरेक संस्थाले लघुवित्त सेवावाट वञ्चित अति विपन्न तथा दलित परिवारहरूको पहिचान गरी लगत तयार गर्ने र उच्च प्राथमिकता दिई सेवा प्रदान गर्ने ।
- लघुवित्त सेवा नपुगेका जिल्ला र क्षेत्रहरू पहिचान गरी त्यस्तो क्षेत्रमा स्थानीय समुदायलाई लघुवित्त सेवाको महत्व बुझाई सेवा विस्तार गर्ने ।
- स्थानीय स्तरमा लघुवित्त संस्थाहरूको संयन्त्र निर्माण गरी दोहोरोपनको समीक्षा गर्ने र सेवाग्राहीहरूको विवरण संस्थाहरूको बीचमा आदान प्रदान गर्ने व्यवस्था गरी अस्वस्थ प्रतिस्पर्धा र दोहोरोपना नगर्ने ।
- लघुवित्त संस्थाहरूले सेवाग्राही सदस्यहरूको घरदैलोमा भ्रमण गरी आवश्यकता र क्षमताको सही विश्लेषण गरी ऋणको आकार निर्धारण गर्ने ।
- सुपरिवेक्षण, अनुगमन तथा आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने ।
- संस्थागत सुशासनको परिपाटी विकास गर्न संचालक समिति चनाखो हुने ।
- लघुवित्त ग्राहकहरूको दोश्रो पुस्ता तयार गर्नुपर्ने टड्कारो आवश्यकतालाई सम्बोधन गर्न युवावर्गलाई लघुवित्त कार्यक्रममा समावेश गर्ने ।
- लघुवित्त सम्बन्धी सामाजिक जागरण अभियान सुरु गर्ने ।
- प्रत्येक संस्थाले २०६७ आषाढ मसान्त सम्म आफ्नो संस्थाको भिजन २०१५ तयार गर्ने ।
- लघुवित्त संस्थाहरूले विवरण तयार गर्दा दलित तथा जनजातिको संख्या समेत खुल्ने गरी तयार गर्ने ।
- यस घोषणमा उल्लेखित बुँदाहरूको कार्यान्वयन भए नभएको अनुगमन सम्बन्धित संस्थाको संचालक समितिले गर्ने ।
- लघुवित्त क्षेत्रमा देखिएको वित्तीय श्रोतको अभाव पुरा गर्न क, ख र ग वर्गका वित्तीय संस्थाहरूले विपन्न क्षेत्रमा लगानी गर्नुपर्ने अंशलाई प्रत्येकले १% थप लगानी गर्नुपर्ने व्यवस्था गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने र युवा स्वरोजगार कोषमा उपयोग नभई रहेको रकम लघुवित्त संस्थाहरूलाई प्रदान गर्ने गरी सम्बन्धित बैंक वा संस्थालाई फिर्ता गराउने व्यवस्था गर्न नेपाल राष्ट्र बैंक मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।
- विपन्नवर्ग कर्जा अन्तर्गत लगानी गर्न क, ख र ग वर्गका वित्तीय संस्थाहरूलाई छुट्याइएको रकम हाउजिङ, लघुविद्युत, अस्पताल आदिमा प्रयोग भई राखेको हुंदा त्यस क्षेत्रमा लगानी नगरी विपन्न वर्ग कर्जा लघुवित्तमा मात्र उपयोग हुने व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने ।
- पहाडी र हिमाली क्षेत्रमा लघुवित्तको पहुंच बढाउन लघुवित्त संस्थामा लाग्दै आएको करलाई आधा छुट दिई पहाडी क्षेत्रमा लघुवित्त सेवा विस्तारमा लगाउने गरी सम्बन्धित संस्थामा कोषको व्यवस्था गर्ने गरी छुट दिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

# मौद्रिक नीतिको प्राथमिकतामा लघुवित्त

काठमाडौं/लघुवित्त क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति सार्वजनिक गरेको छ । लघुवित्तलाई वित्तीय पहुँच बढाउने मुख्य हतियारका रूपमा लिंदै केन्द्रीय बैंकले लघुवित्त बैंकहरूलाई कारोबार संचालन अनुमति शिघ्र दिईने बताएको छ । विस्तारको क्रममा रहेको यो क्षेत्रलाई नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि छुट्टै नियमक निकाय लघुवित्त प्राधिकरण स्थापना गर्ने तर्फ शिघ्र कदम चालिने योजना पनि नीतिमा उल्लेख गरिएको छ ।

यसका अलावा बैंकले बैंकिङ पहुंच सिमित भएका ३० जिल्लामा खुल्ने वित्तीय संस्थालाई प्रोत्साहन गर्दै यस्ता जिल्लामा खुल्ने वित्तीय संस्थाले ३ देखि १० जिल्लामा सेवा पुऱ्याउन सक्ने व्यवस्थाका सम्बन्धमा पहल गर्ने बताएको छ । हाल  बैंकिङ पहुँच सिमित भएका ३० जिल्लामा वित्तिय सेवा पुऱ्याउन चाहने संस्थासंग चुक्ता पूँजी रू. १ करोड मात्रै भए हुने प्रावधान छ भने यस्ता वित्तीय संस्थाले अधिकतम ३ जिल्लामा मात्रै सेवा पुऱ्याउने इजाजत पाएका छन् ।

लघुवित्त संस्थाहरूलाई श्रोतको अभाव हुन नदिनका लागि बैंकले विद्यमान विपन्न कर्जाको व्यवस्था समेत संशोधन गरेको छ । नयाँ व्यवस्था अनुसार वाणिज्य बैंले साविककै ३ प्रतिशत, विकास बैंकले २.५ प्रतिशत तथा वित्त कम्पनीहरूले २ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने छ ।

यस अघि विकास बैंकले २ तथा वित्त कम्पनीले १.५ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था थियो । केन्द्रीय बैंकले मौद्रिक नीति मार्फत विपन्न वर्गमा सामूहिक जमानतमा प्रवाह गर्न सकिने कर्जाको सीमा हालको ६० हजार रूपैयाबाट बढाएर ९० हजार रूपैयामा पुऱ्याएको छ भने लघुउद्यम तर्फको कर्जा सीमा १ लाख ५० हजारबाट बढाएर २ लाख रूपैया कायम गरिएको छ ।

२०६७ असार मसान्तसम्मको तथ्यांक अनुसार नेपालमा १८ लघुवित्त विकास बैंकहरू संचालनमा छन् । यसैगरी राष्ट्र बैंकबाट सिमीत बैंकिङ कारोवारको अनुमाति पाएका गैरसरकारी संस्था एवं विभिन्न सहकारी संस्थाहरूले लघुवित्तको कारोवार गरिरहेका छन् ।

# स्वमूल्यांकन गोष्ठी आयोजना



सृजना सामुदायिक विकास केन्द्र, सिरहाको संस्थागत स्वमूल्यांकन गोष्ठीको एक झलक

आरएमडिसीका साझेदार तथा अन्य लघुवित्त संस्थाहरूले आफ्नो वास्तविक अवस्थाको बारेमा जानकारी प्राप्त गर्दै उपलब्ध अवसर एवं चुनौतिको आधारमा मध्यमकालिन दुरदृष्टि (भिजन) तयार गर्ने उद्देश्यले स्वमूल्यांकन गोष्ठीको आयोजना गरीरहेका छन् ।

साझेदारसंस्थाहरूको अवस्था विश्लेषण मार्फत अवसर र चुनौतिको पहिचान गर्दै संस्थागत रूपमा सन् २०१५ सम्मको लागि संस्था तथा समग्र लघुवित्त क्षेत्रको भिजन तयार गराउने उद्देश्यका साथ आरएमडिसीले साझेदार तथा अन्य लघुवित्त संस्थाहरूलाई स्वमूल्यांकन गोष्ठी आयोजना गर्न आग्रह गरेको हो । हरेक संस्थाले तयार गरेको भिजनका आधारमा नेपाली लघुवित्त क्षेत्रको सन् २०१५ सम्मको भिजन तयार गर्नु नै यी स्वमूल्यांकन गोष्ठीहरूको मुख्य उद्देश्य हो ।

नेपाली लघुवित्त क्षेत्रको भिजन तयार गर्ने उद्धेश्यका साथ आरएमडिसीले २०६७ कार्तिक ११ र १२ मा काठमाडौंमा नेपाल माइक्रोफाइनान्स भिजन २०१५ नामक राष्ट्रिय लघुवित्त सम्मेलन आयोजना गर्दैछ । सम्मेलनमा लघुवित्त संस्थाहरूले आ-आफ्नो भिजन तथा भिजन प्राप्त गर्ने रणनीतिहरूको प्रस्तुतिकरण गर्नेछन भने सोही भिजनको आधारमा नेपालको समग्र लघुवित्त क्षेत्रको भिजन २०१५ तयार गरिने कार्यक्रम रहेको छ ।

स्वमूल्यांकन गोष्ठीले सरोकारवालाहरूको सस्थाप्रतिको धारणा एवं विश्वासको बारेमा समेत जानकारी दिन्छ । यस्ता गोष्ठीमा सदस्य ग्राहकहरू, फिल्ड सहायक, व्यवस्थापन पक्ष तथा संचालक समितिको सहभागिता रहने गर्दछ । गोष्ठीका क्रममा विभिन्न पक्षसँग छलफल गरी संस्थाको सवल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीहरूको पहिचान गरिन्छ भने सोहि तत्वहरूको आधारमा रणनीतिक योजना तयार गरिन्छ ।



महुली सामुदायिक विकास केन्द्रको संस्थागत स्वमूल्यांकन गोष्ठीमा आफ्नो धारणा राख्दै शाखा प्रबन्धक रमेश चौधरी

# आन्तरिक लेखापरीक्षण तालिम सम्पन्न

आरएमडिसीले आन्तरिक लेखापरीक्षण सम्बन्धी तालिम कार्यक्रम आयोजना गरेको छ । लघुवित्त संस्थाहरूमा आन्तरिक लेखापरीक्षण गर्ने विधिका बारेमा परिचित गराई आन्तरिक लेखापरीक्षण गर्न सक्षम पार्ने हेतुले आयोजना गरिएको सो तालिममा सेण्टरका २३ साझेदार संस्थाहरूका प्रतिनिधि सहभागी थिए ।



आन्तरिक लेखापरीक्षण तालिम कार्यक्रमको एक दृश्य

६ देखि ९ आषाढसम्म चलेको सो कार्यक्रमको श्रोत व्यक्तिको रूपमा सेण्टरका वरिष्ठ अधिकृतद्वय पृथ्‍वी बहादुर थापा एवं रूप बहादुर खड्का रहनु भएको थियो । तालिममा संस्थामा हुने अनियमितता, गल्ती तथा कमजोरी पत्ता लगाई नियन्त्रण गर्ने उपायका बारेमा छलफल भएको थियो ।

सो तालिममा सेण्टरका साझेदार संस्थाहरू सल्भ नेपाल धनकुटा, बौद्ध ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेत, श्रृजना सामुदायिक सेवा केन्द्र सिरहा, सहारा नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. झापा, मुक्तिनाथ विकास बैंक लि. पोखरा, छिमेक विकास बैंक लि. मकवानपुर, मानुषी काठमाडौं, डिप्रोक्स विकास बैंक लि. चितवन, ग्रामीण महिला उत्सुकता विकास केन्द्र (फरवार्ड) सुनसरी, महिला सहयोगी सहकारी संस्था लि. काठमाण्डौ, नेरूडे लघुवित्त विकास बैंक लि. मोरङ, श्रृजना विकास केन्द्र कास्की, स्वावलम्वन विकास बैंक लि. जनकपुर, सेवा वचत तथा ऋण सहकारी संस्था लि. सुनसरी, वातावरण सुधार वचत तथा ऋण सहकारी संस्था लि. सुर्खेत, स्वावलम्वन विकास केन्द्र काठमाडौं, चारतारे युवा क्लव बाग्लुङ, सामुदायिक महिला विकास केन्द्र (स्वेडेक) सप्तरी, महुली सामुदायिक विकास केन्द्र सप्तरी, कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. झापा, जीवन विकास समाज मोरङ, उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लि. कंचनपुर र राष्ट्रिय सामाजिक तथा शैक्षिक विकास संस्था पर्वत सहभागी थिए ।

तालिमलाई थप प्रभावकारी बनाउनकालागि सहभागीहरूलाई सेण्टरका साझेदार संस्था मानुषी तथा महिला सहयोगी सहकारी संस्थाको शाखाहरूको आन्तरिक लेखापरीक्षण गराईएको थियो ।

तालिममा सहभागी संस्थाका अधिकारीहरूले सेण्टरको प्रयासलाई सह्रानीय कदमको संज्ञा दिंदै यस्ता खालका तालिमहरूले निरन्तरता पाउनुपर्ने धारणा राखेका थिए । तालिम समापनका अवसरमा सेण्टरका प्रमुख कार्यकारी अधिकृत शंकर मान श्रेष्ठले सहभागीहरूले सिकेको कुरा व्यवहारमा उतारी सहि निर्णय लिने अपेक्षा व्यक्त गर्नुभयो । उहाँले आगामि वर्षपनि यस्ता तालिम आयोजना गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्नु भयो ।



# सारिया लघुवित्त तालिममा आरएमडिसीको सहभागिता

कोलम्बो प्लान सचिवालय, इन्डोनेशिया सरकार र नन अलायन्ड सेन्टर फर साउथ-साउथ टेक्निकल कर्पोरेशन (NAM CSSTC) ले संयुक्त रूपमा आश्विन १० देखि १६ गते सम्म इन्डोनेशियाको वाङडुङमा ब्याज रहित सारिया लघुवित्त संचालन व्यवस्थापन विषयक एक हप्ते तालिम आयोजना गरेको छ । सो कार्यक्रममा आरएमडिसीकाका तर्फबाट वरिष्ठ अधिकृत श्री रूप बहादुर खड्का सहभागी हुनुभएको थियो ।

तालिममा नेपाल लगायत बङ्गलादेश, भुटान, फिजी मालदिभ्स, पाकिस्तान, थाइल्याण्ड, श्रीलंका र इन्डोनेशियामा लघुवित्त कार्यक्रम संचालन गरिरहेका संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । तालिमको उद्घाटन समारोहमा कोलम्बो प्लानका महासचिव डाटो प्याट्रिसिया युन मोइ चिया, नन अलायन्ड सेन्टर फर साउथ-साउथ टेक्निकल कर्पोरेशनका निर्देशक लिङवाति हकिम तथा श्रीलंकाको लागि इन्डोनेशियाका राजदुत जाफर हुसेन समेत उपस्थित हनुहुन्थ्यो ।


तालिमका सहभागीहरूको सामूहिक तस्विर

सारिया इस्लामिक धर्मग्रन्थ (सारिया कानुन) मा उल्लेखित आर्थिक तथा सामाजिक व्यवस्था र क्रियाकलापमा आधारित बैंकिङ प्रणाली हो जसमा सोझै ब्याज लिन पाइदैन । सारिया बैंकिङ अनुसार गरिने आर्थिक क्रियाकलापमा आपसी समझदारीमा नाफाको बाँडफाँड, एक-अर्कालाई सहयोग तथा आपसी हितलाई प्राथमिकता दिइन्छ ।

सारिया लघुवित्तमा विभिन्न प्रकारका ऋण तथा बचतहरू उपलब्ध छन् । यस्ता सेवाहरूले विशेष गरि व्यापार, कृषि र सेवा क्षेत्रलाई समेट्ने खालका हुन्छन् । बचतका प्रकारहरूमा सिजाका- त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक मुद्दति निक्षेप, कुर्वान- इद को लागि गरिएको बचत, शैक्षिक वचत, अनिवार्य बचत आदि । ऋणका प्रकारहरूमा मुरब्बा- सामान खरिदका लागि दिइने ऋण, इजराह- सामान खरिद भाडा लिइने ऋण, मुधरबा- नाफा बाड्ने सम्झौता गरि दिइने व्यापारिक कर्जा आदी तर यी सबैको परम्परागत बैकिङ भन्दा भिन्नै किसिमको संचालन प्रक्रिया छ जुन सारिया कानुनमा आधारित हुन्छ ।

तालिममा प्रत्येक सहभागीहरूले आ-आफ्ना देशको लघुवित्तको बारेमा प्रस्तुति गरेका थिए भने सहभागीहरू एक आपसमा अन्तर्क्रिया समेत गरेका थिए । तालिम अवधिमा स्थानीय वि.एम.टि. सहकारी संस्थाको अवलोकन अध्ययन तथा ऋणीहरूको परियोजना अवलोकन गरिएको थियो ।

सारिया लघुवित्त कार्यक्रमा मुख्यतया इस्लामिक राष्ट्रमा उपयुक्त हुने देखिन्छ । नेपालको सन्दर्भमा मुस्लिमको बाहुल्यता भएका केही जिल्लाहरूमा जस्तै, बाँके, कपिलवस्तु तथा रूपन्देहीमा व्याज रहित (सारिया) लघुवित्तका केही ऋण तथा वचतका प्रकारहरूलाई प्रयोगको रूपमा कार्यान्वयन गर्न सकिने तालिममा सहभागी आरएमडिसीका वरिष्ठ अधिकृत खडकाले बताउनुभयो ।

# वित्तीय विश्लेषण तथा प्रभावित कर्जा व्यवस्थापन तालिम सम्पन्न

काठमाडौं/स्थापनाकाल देखि नै आरएमडिसीले साझेदार संस्थाहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम, कार्यशाला गोष्ठी लगायतका अन्य कार्यक्रमहरू आयोजना गर्दै आएको छ । यसै अनुरूप आरएमडिसीले साझेदारहरूमा वित्तीय विश्लेषण क्षमता अभिवृद्धि गर्ने अभिप्रायका साथ "वित्तीय विश्लेषण र प्रभावित कर्जा व्यवस्थापन" सम्बन्धी तालिम आयोजना गरेको छ ।

३० जेठ देखि ३ आषाढसम्म सम्पन्न "वित्तीय विश्लेषण र प्रभावित कर्जा व्यवस्थापन" विषयक तालिममा २१ साझेदार संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा उच्च अधिकृतहरूको सहभागिता थियो । सेण्टरका वरिष्ठ प्रवन्धकद्वय मेघ राज गजुरेल र तिर्थरत्न कोनाजो श्रोत व्यक्ति रहनु भएको सो तालिममा लघुवित्त संस्थाको वित्तीय विश्लेषणका विभिन्न उपायहरूको बारेमा प्रयोगात्मक अभ्यास एवं घटना अध्ययन गरिएको थियो । यसैगरी विभिन्न कारणले प्रभावित हुने कर्जाहरूको व्यवस्थापनका बारेमा समेत तालिममा छलफल एवं अनुभव आदान प्रदान भएको थियो । तालिमको मुख्य उद्देश्य सहभागीहरूलाई आफनो संस्थाको वितीय अवस्था विश्लेषण गर्न सक्षम पार्नुका साथै वित्तीय विश्लेषणबाट संस्थाको वास्तविक अवस्था पहिचान गरी उपयुक्त निर्णय लिन सहयोग पुऱ्याउनु थियो ।

तालिममा काल्पनिक संस्थाको वित्तीय विवरणलाई केस स्टडीको रूपमा प्रयोग गर्दै Consultative Group to Assist the Poor (CGAP) ले तयार गरेको नयाँ ढाँचा अनुसारको वासलात, नाफा नोक्सान खाता तथा नगद प्रवाह विवरण तयार गर्न सिकाइएको थियो । यसैगरी केसमा भएका विभिन्न समस्याहरूलाई समूह विभाजन गरी विश्लेषण गर्ने कार्य समेत गरिएको थियो । संस्थाहरूले अपनाउँदै आएका वित्तीय विश्लेषण विधिलाई परिमार्जन गरी बुझ्न तथा विश्लेषण गर्न तालिममा सिकाइएको थियो ।



तालिममा सहभागी, आरएमडिसीका प्रमुख कार्यकारी अधिकृत शंकरमान श्रेष्ठ, श्रोत व्यक्तिहरू आरएमडिसीका वरिष्ठ प्रबन्धकद्वय मेघराज गजुरेल र तीर्थरत्न कोनाजो तथा आरएमडिसीका वरिष्ठ अधिकृत अन्नपूर्ण श्रेष्ठ सहितको सामूहिक तस्विर

तालिममा सेण्टरका साझेदार संस्थाहरू श्रृजना सामुदायिक सेवा केन्द्र सिरहा, मध्य-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. बाँके, मुक्तिनाथ विकास बैंक लि. पोखरा, छिमेक विकास बैंक लि. मकवानपुर, डिप्रोक्स विकास बैंक लि. चितवन, ग्रामिण महिला उत्सुकता विकास केन्द्र (फरवार्ड) सुनसरी, नेरूडे लघुवित्त विकास बैंक लि. मोरङ, निर्धन उत्थान बैंक लि. भैरहवा, नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि. झापा, कृषक जागरण उपभोक्ता सहकारी संस्था लि. लमजुङ, स्वावलम्वन लघुवित्त विकास बैंक लि. जनकपुर, पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि. मकवानपुर, स्वावलम्वन विकास केन्द्र काठमाडौं, विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. काभ्रेपलाञ्चोक, ग्रामीण महिला उत्थान केन्द्र दाङ, चारतारे युवा क्लव बाग्लुङ, सामूदायिक महिला विकास केन्द्र (स्वेडेक) सप्तरी, महुली सामुदायिक विकास केन्द्र सप्तरी, जीवन विकास समाज मोरङ, उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लि. कंचनपुर र राष्ट्रिय सामाजिक तथा शैक्षिक विकास संस्था पर्वत सहभागी थिए ।



# बोल्डर माइक्रोफाइनान्स प्रोग्राममा सहभागिता

लघुवित्त क्षेत्रका विभिन्न विषयहरूका यस क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधीहरूलाई तालिम दिने उद्देश्यकासाथ हरेक वर्ष आयोजना हुने बोल्डर माईक्रोफाइनान्स प्रोग्राममा आरएमडिसीका वरिष्ठ अधिकृत अन्नपुर्ण श्रेष्ठ सहभागी हुनुभएको थियो । ३ देखि २१ श्रावणसम्म इटलीमा संचालन भएको सो कार्यक्रममा ८४ मुलुकका ३ सय ८५ प्रतिनिधीहरूले सहभागिता जनाउनु भएको थियो । वरिष्ठ अधिकृत श्रेष्ठले सो कार्यक्रम अन्तर्गतको रणनीतिक योजना निर्माण, लघुवित्त कार्यक्रमको दीगोपना, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण, वचत परिचालन, मानव संशाधन व्यवस्थापन तथा संस्थागत सुशासन विषयमा प्रशिक्षण लिनु भएको थियो ।

अन्तराष्ट्रिय श्रम संगठन र बोल्डर माईक्रोफाइनान्स इन्स्टिच्युसनको संयुक्त आयोजनाको सो कार्यक्रममा श्रोत व्यक्तिका रूपमा सिग्याप, मिडा, एक्सियन जस्ता लघुवित्त क्षेत्रमा कार्यरत संस्था लगायत अन्य स्वतन्त्र परामर्शदाताहरू हुनुहुन्थ्यो । हरेक वर्ष आयोजना हुने तीन हप्ता लामो सो कार्यक्रममा लघुवित्त क्षेत्रका विभिन्न ६० विषयमा प्राविधिक प्रशिक्षण हुने गरेको छ । ६० विभिन्न विषयमा प्रशिक्षण हुने भएपनि सहभागीहरूले हप्ताको दुईका दर तीन सातामा ६ विषयमा मात्रै अध्ययन गर्न सक्छन् ।



तालिमका सहभागीहरूको सामूहिक तस्विर

# एसिया लघुवित्त सम्मेलनमा नेपालका लघुवित्त संस्थाहरूको सहभागीता

श्रीलंकाको कोलम्बोमा एशियाली लघुवित्त सम्मेलन Asia Microfinance Forum 2010 सम्पन्न भएको छ । आश्विन २६ देखि २९ गते सम्म सिटी फाउन्डेसनको वित्तीय सहयोयमा Banking With The Poor (BWTP) Network र Foundation for Development Cooperation (FDC) को संयुक्त आयोजनमा आयोजित सो सम्मेलनमा ४४ राष्ट्रका करिव ५ सय जना प्रतिनिधिहरूको सहभागिता थियो ।

सम्मेलनमा BWTP का अध्यक्ष श्री चन्दुला अवेविक्रम तथा सिटी फाउन्डेसनको एसिया प्यासिफिक क्षेत्रका प्रमुख कार्यकारी अधिकृत श्री सिरिश एप्टे ले स्वागत मन्तब्य दिनु भएको थियो भने सेन्ट्रल बैंक अफ श्रीलंकाका डेपुटी गभर्नर श्री प्रियन्त फर्नान्डोले लघुवित्तसम्बन्धी केन्द्रीय बैंकको धारणा आफ्नो मन्तव्य मार्फत राख्नु भएको थियो ।

सम्मेलनमा नेपालबाट आरएमडिसी लगायत अन्य लघुवित्त संस्थाहरूको सहभागिता थियो । आरएमडिसीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री शंकर मान श्रेष्ठ तथा वरिष्ठ अधिकृत पृथ बहादुर थापा सहभागी हनुहुन्थ्यो । यसैगरी छिमेक विकास बैंकका कार्यकारी निर्देशक रामचन्द्र जोशी, नेरूडे लघुवित्त विकास बैंकका कार्यकारी निर्देशक मणि कुमार अर्ज्याल, मध्यपश्चिमाञ्चल ग्रामिण विकास बैंकका कार्यकारी अध्यक्ष सन्जीव न्यौपाने, निर्देशक प्रभाकर मिश्र र कम्पनी सचिव इन्द्रमणी त्रिताल, पश्चिमाञ्चल ग्रामीण विकास बैंकका प्रमुख कार्यकारी अधिकृत धर्मराज पाण्डे, सेन्टर फर माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत तेज हरी घिमिरे, एसएनभि नेपालका लघुवित्त सल्लाहकार रमेश कुमार गौतम, प्लानेट फाइनान्स नेपाल अफिसका कार्यकारी निर्देशक थोमस पेड्रोलिटिको सहभागीता थियो ।

सम्मेलनमा आरएमडिसीका प्रमुख कार्यकारी अधिकृत श्री शंकर मान श्रेष्ठले लघुवित्तमा फिल्ड कर्मचारीको भूमिका र स्वस्थ मानव संशाधन नीति सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीकरणमा फिल्ड कर्मचारीहरूलाई संस्था र सदस्यहरू बिच पुलको काम गर्ने, संस्थाको गन्तव्य सम्म पुऱ्याउने पथ प्रर्दशक, संस्थाको सुचना ग्राहक समक्ष पुऱ्याउने व्यक्ति, ग्राहकको आवश्यकता पत्तालगाई संस्थालाई आवश्यक परामर्श दिने व्यक्ति, ग्राहकहरूको परियोजना विश्लेषक भएको बताउदै फिल्ड कर्मचारीहरूनै लघुवित्त संस्थाको सफलताको मुख्य कारक रहेको धारणा राख्नु भएको थियो । त्यस्तै उहाँले



सम्मेलनमा सहभागीता जनाउँदै आरएमडिसीका प्रमुख कार्यकारी अधिकृत शंकरमान श्रेष्ठ

मानव संशाधन व्यवस्थापन नीति पारदर्शी, भेदभावमुक्त, कर्मचारीमुखी, निष्पक्ष कार्य सम्पादन प्रक्रिया, उपयुक्त तलव तथा सुविधा भएमा कर्मचारीहरु उत्प्ररित हुने प्रस्तुतीकरणको निचोड छ ।

सम्मेलनमा विभिन्न देशका वित्तीय संस्थाहरू, गैर सरकारी संस्थाहरु, शैक्षिक संस्थाहरूको सहभागिता थियो । सम्मेलनमा विभिन्न देशका संस्थाका प्रतिनिधिहरूले लघुवित्तका विविध विषयहरुमा प्रस्तुति गर्नुभएको थियो । सम्मेलनको तेश्रो दिन सहभागीहरूलाई Sansa Development Bank र South Asia Partnership Sri Lanka (SAPSRI) को अवलोकन भ्रमण गराइएको थियो ।

कार्यक्रमको समापनका अवसरमा बोल्दै श्रीलंकाका सहायक अर्थ मन्त्रि डा. सरथ अमुनुगामाले लघुवित्तको महत्व र यसले मुलुकको गरीवी न्युनिकरणमा पुऱ्याएको योगदानको चर्चा गर्नु भएको थियो ।

लघुवित्त सम्मेलनसँगै आरएमडिसीका प्रतिनिधीहरू २६ असोजमा श्रीलंकामा आयोजित BWTP को साधारणसभामा समेत सहभागी हुनुभएको थियो ।



# कमर्सियल माइक्रो बैंकिङ तालिममा सहभागीता

फ्रयाङ्कफर्ट स्कूल अफ फाइनान्स एण्ड म्यानेजमेन्टले हरेक वर्ष आयोजना गर्ने समर एकेडेमीमा आरएमडिसीका वरिष्ठ प्रवन्धक तिर्थ रत्न कोनाजोले सहभागिता जनाउनु भएको थियो । जर्मनीको फ्रयाङ्कफर्ट शहरमा आयोजना भएको सो समर एकेडेमीमा यस पटक कमर्शियल माईक्रोबैंकिङ सम्बन्धी तालिम दिइएको थियो । असार २७ देखि ३२ सम्म आयोजना भएको सो कार्यक्रममा जर्जिया, सुडान, कोलम्बिया, मोरक्को डोमेनिक रिपब्लिक, रोमानिया, टर्की, पाकिस्तान, अमेरिका लगायतका २४ मुलुकका लघुवित्तकर्मीहरूको सहभागिता थियो ।

लघुवित्त संस्थाहरूको वित्तीय श्रोत व्यवस्थापनका रणनीति, लघुवित्त संस्थाहरूको स्तरोन्नती तथा एकिकरण, कर्जा जोखिम व्यवस्थापना, कोष व्यवस्थापन र पहुंच वृद्धि विषयमा प्रस्तुतीकरण तथा छलफल आयोजना गरिएको थियो । लघुवित्त क्षेत्रको प्राविधिक ज्ञान प्रदान गरी सहभागीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ संचालित समर एकेडेमी हरेक वर्ष संचालन हुने गर्दछ ।



तालिमका सहभागीहरूको सामूहिक तस्विर

# मेहनती र परिश्रमीको घरमा दरिद्रता टिक्दैन

विराटनगरदेखि अठार किलोमिटर पूर्वमा एउटा गाउँ छ - नोचा। त्यही गाउँमा एउटा परिवार छ। २ छोरा, ३ छोरी अनि दम्पतीको यो परिवार समान्य परिवार भन्दा ठूलो छ। ठूलो भएपनि यो परिवार अन्य परिवार जस्तो छैन। अन्य परिवारमा नपाइने एउटा मात्रै कुरा छ जसले यसलाई अन्य भन्दा फरक पार्न सकेको छ। त्यो हो - खुसी। परिवारमा खुसी छ अनि सबै सुखि छन्।

सन्जुलादेवी साहको त्यो घरमा खुसी नवआगन्तुक हो। केही वर्ष मात्रै भयो उनले आनन्दको महसुस गर्न थालेकी। सप्तरीको मोहनपुर गाउँ विकास समितिको वडा नं. ७ मा पर्ने एक गाउँमा जन्मेकी सञ्जुलाको वाल्यकाल गरीबी एवं अभावमा वित्यो। भौगोलिक हिसावले सुगम भएपनि विकास तथा चेतनाको हिसावले दुर्गम ठाउँमा जन्मिएकी सञ्जुलाले पढ्ने लेख्ने अवसर पाइनन्। घरको काम तथा वस्तुभाउ हेर्दा हेर्दै उनि यौवन अवस्थामा पुगिन र १९ वर्षको उमेरमा नजिकैको गाउँका एक युवासँग उनको विवाह भयो।

सुखद वैवाहिक जीवनको कल्पना गर्दै जन्मघरबाट कर्मघर आएकी सञ्जुलालाई दुःखले छोडेन। त्यो परिवारको फुसले छाएको दुईवटा घर बाहेक आफ्नो भन्नु केही थिएन। भएको त्यही घरपनि ऐलानी जग्गामा थियो।

'दैनिक ज्यालाले परिवार धानेको थियो। एक दिन काम गर्न नसके भोकै बस्नुपर्ने अवस्था थियो' विगतका कुरा कोट्टयाउँदै उनी भन्छिन, 'गाउँलेहरूबाट अपहेलना सहनु पर्थ्यो।' दैनिक मजदुरीको परम्परागत पेशा अगाल्नु बाहेक विकल्प थिएन उनि सामु।

गरीबको पनि दिन आउँछ भने झै उनको सुखका दिन भने २०६० साल देखि सुरु भएका हुन्। आफ्नै गाउँ (नोचा) का केही महिलाहरू समूहको बैठकमा जान्छन भन्ने थाहापाएपछि उनी पनि त्यसै समूहमा आवद्ध हुने चाहना व्यक्त गरिन्। घरवार केही नभएको भन्दा अन्य सदस्यले राख्न नमानेपनि ज्याला मजदुरी गरेरे भएपनि ऋण तिर्छु भने पछि सबै सदस्य राजी भएर उनलाई समूहमा राखेको उनी बताउँछिन।

जीवन विकास समाजको अमाहि शाखा अन्तर्गतको समूहमा प्रवेश गरेपछि सञ्जुलाले पहिलो पटक ५ हजार रूपैया कर्जा लिईन। दैनिक ज्यालादारी गर्ने बाहेक अन्य सीप नभएकी सञ्जुलाले सो रकममध्ये ४ हजार रूपैयाँमा आफनै गाउँमा तीन कट्ठा जग्गा सूदभर्ना लिइन्। तराईका गाउँहरूमा जग्गाधनीलाई निश्चित रकम दिएर जग्गामा खेती गर्ने अधिकार पाईन्छ। जसलाई स्थानीय भाषामा सुदभर्ना भनिन्छ। ऋण लिएको पाँच हजारमध्ये बाँकी रकमले उनले नोचा चोकमा चिया पसल सुरु गरिन्। जीवनमा पहिलो पटक ऋण लिएकी सञ्जुलाले ऋणको किस्ता तिर्न सजिलो पार्नका लागि चिया पसल थाप्ने विचार गरेको बताउँछिन। अनपढ भएपनि वित्तीय व्यवस्थापनको सामान्य सिद्धान्त अनुरुप नै उनले त्यो उपाय अवलम्बन गरेकी रहिछन्।

'श्रीमानले मजदुरी गरी ल्याएको रकमले किस्ता तिर्ने, चिया पसलबाट भएको आम्दानीले छोराछारीको स्कूलको शुल्क र घरखर्च चलाउने सोचेर चिया पसल सुरु गरेकी थिएँ' उनी भन्छिन। ज्याला मजदुरीको दैनिकीबाट व्यवसायी बनेकी सञ्जुलालाई केहि महिना पसल व्यवस्थापन गर्न कठिन भएपनि विस्तारै त्यो कलापनि विकास हुँदै गयो। उनि पक्का 'चिया पसल्नी' बनिन। केहि महिनादेखि नै उनी खर्च कटाएर दैनिक जसो वचत गर्न सक्षम भईन। यसो गर्दा उनलाई दैनिक ५ सय रूपैयाँ बचत हुन्थ्यो।

समूहबाट लिएको पहिलो ऋण चुक्ता गरेपछि दोस्रो वर्ष उनले १० हजार रूपैयाँ कर्जा लिइन र थपः पाँच कठ्ठा जग्गा सूदभर्ना गरिन्। यसै बीचमा उनले पसलको आम्दानीले दुइवटा बाख्रा जोडिसकेकी थिईन। जीवन विकासको



ग्राहकहरूलाई चिया दिँदै सन्जुलादेवी साह

लघुवित्त कार्यक्रममा सदस्य भएको तेस्रो वर्ष उनले १६ हजार रूपैयाँ ऋण लिइन र फेरि पनि ११ हजारमा आठ कठ्ठा जग्गा सुधभर्ना लिइन्। बाँकी रकमले घरमा जस्ताको छानो हालिन्। फुसले छाएको घरबाट जस्ताको घरमा सरेको दिन उनलाई अझै याद छ। 'म मनमनै धेरै खुसी भएकी थिएँ। मैले महसुस गरेको पहिलो खुसी थियो त्यो' उनले भनिन्।

चौथो उनले २० हजार रूपैयाँ कर्जा लिइन र यस पटक पनि १२ हजारमा ५ कठ्ठा जग्गा सुधभर्नामा लिईन। आर्थिक अवस्था मजवुत हुँदै गएपछि उनीहरूमा मजदुरी नगरी आफै खेती गर्ने सोच पलायो। ऋणबाट बचेको रकम र पसलको बचत गरेर १४ हजारमा उनीहरले एक हल गोरू खरीद गरे। घरमा आफनै गोरू भएपछि जग्गा पाउन सजिले हुने नै भयो। उनीहरू तीन बिघा जग्गा लिएर अधिया खेती गर्न थाले। मेहनतका पर्याय दुवै दम्पत्ति मिलेर काम गरेपछि खेती सफल हुने नै भयो। पाँचौ पटक लिएको २५ हजार कर्जा तथा खेतीबाट भएको आम्दानी मिलाएर आफ्नै नाममा पाँच कट्ठा जग्गा किनेपछि त सन्जुलादेवीको खुशीको सीमा नै रहेन। आफनै घर, जग्गा अनि व्यवसाय सबै भएपछि उनले पछि फर्केर हेर्नुपरेको छैन।

पाँच बर्षअघि मजदुरीबिना जीवन गुजारा गर्न नसक्ने सन्जुलादेवी साह हिजोआज आफ्नो खेती र चिया पसलमा निकै व्यस्त हुन्छिन्। पसलमा ग्राहकहरूलाई चिया बाँड्दै गरेकी भेटिने सञ्जुला हामीसँगको भेटमा भन्दैथिईन, 'हेर्नुस न सर हिजोआज त एकैछिन पनि फुर्सद हुँदैन।'

अहिले सन्जुलादेवी अनुहारमा सधै खुशी झल्किन्छ। जीवन विकास समाज अन्तर्गतको लघुवित्त कार्यक्रममा आवद्ध भएपछि उनको आर्थिक अवस्थाले काँचुली फेरेको छ। आफ्ना लागि केही सम्पत्ति समेत जोड्न सकेकी छन् उनले। अहिलेपनि उनी तीन बिघा जग्गा अधियाँमा खेती गरिरहेकी छन्। चिया पसल चलिरहेको छ। भौतिक सम्पत्तिको रूपमा जस्ताले छाएको दुइवटा घर, पाँच कट्ठा जग्गा, एकजोडी गोरू, दुई बाख्रा र एक गाई छन्। 'जीवन विकासले नाम अनुसार नै मेरो जीवनमा ठूलो विकास गरेको छ' मुस्काउँदै भनिन् सञ्जुलाले, 'जीवन विकासको लघुवित्त कार्यक्रम नभएको भए मेरो परिवार पाँच वर्ष अघिकै अवस्थामा हुन्थ्यो होला।'

सफलतासँगै उनमा नयाँ आकांक्षाका पँखेटा पलाउन थालेका छन्। जुन मेहनत र परिश्रमको भरमा उनी अहिलेको अवस्थामा आईपुगेकी छिन त्यही स्तरको मेहनत र परिश्रम कायम भएको खण्डमा किराना पसल चलाउने उनको आकांक्षा पुरा हुने दिन धेरै टाढा छैन।

प्रस्तुति
**निमका राजबंशी**
जीवन विकास समाज

# आरएमडिसीका साझेदार लघुवित्त संस्थाहरूको अद्यावधिक स्थिति

२०६७ आषाढ मसान्तसम्मको विवरण

स्रोतः सम्बन्धित संस्थाहरू

| क.सं. | साझेदार संस्थाहरु | सेवा पुगेको जिल्ला | शाखा संख्या | सदस्य संख्या | ऋणी संख्या | ऋणी/सदस्य अनुपात | बाँकी बचत (रु.हजारमा) | कूल ऋण लगानी (रु.हजारमा) | कूल ऋण असूलि (रु.हजारमा) | लगानीमा रहेको ऋण (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निर्धन उत्थान बैंक लि., भैरहवा | २७ | ७७ | १२६,७८७ | ८५,३२३ | ६७% | ४३५,२४८ | ९,१७५,६०४ | ७,६९७,२९१ | १,४७८,३१३ |
| २ | छिमेक विकास बैंक लि., हेटौंडा | २७ | ४८ | ११३,०१५ | ९०,५७९ | ८०% | ६७२,१४१ | ६,५७७,१३४ | ५,२१३,११० | १,३६४,०२४ |
| ३ | स्वावलम्बन लघुवित्त विकास बैंक, जनकपुर | १९ | ५६ | ८९,७४५ | ६६,३२८ | ७४% | ४१३,७८१ | ७,४८७,१४१ | ६,४९३,७४८ | ९९३,३९३ |
| ४ | जीवन विकास समाज, मोरङ | ३ | ३१ | ६०,६२३ | ४६,९१४ | ७७% | २३९,५३७ | २,१५३,००४ | १,५९९,९४८ | ५५३,०५६ |
| ५ | ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड), सुनसरी | १० | ३१ | ५३,५७२ | ३८,२३८ | ७१% | १६७,३८२ | २,२६६,४३० | १,७९०,०११ | ४७६,४१९ |
| ६ | स्वावलम्बन विकास केन्द्र, काठमाडौं | १२ | २९ | ५२,९१४ | ३४,९८० | ६६% | २१२,१६२ | २,१६८,२८४ | १,७४४,९६२ | ४२३,३२२ |
| ७ | सहारा नेपाल वचत तथा ऋण सहकारी संस्था लि., झापा | १ | २२ | ५२,१८० | ४७,१६३ | ९०% | २०२,४१० | २,२१२,२७८ | १,६७१,४८४ | ५४०,७९४ |
| ८ | डिप्रोक्स विकास बैंक लि., चितवन | १९ | ३९ | ५१,८२७ | ३९,७११ | ७७% | १७५,८५१ | ३,३२८,६४९ | २,५१०,४०५ | ८१८,२४३ |
| ९ | पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि., बुटवल | १४ | ४० | ४९,८९९ | ३८,३५० | ७७% | २०७,१०४ | ७,०१३,४०५ | ६,२७८,८७९ | ७३४,५२६ |
| १० | नेरुडे लघुवित्त विकास बैंक लि., विराटनगर | ३ | २२ | ४८,६०६ | ४०,०३९ | ८२% | १६२,८१५ | २,३५६,८३६ | १,९३१,०६३ | ४२५,७७३ |
| ११ | मध्यमाञ्चल ग्रामीण विकास बैंक लि., जनकपुर | १४ | ४१ | ३४,५६१ | ३३,५०२ | ९७% | १६२,८१८ | ४,९८०,८१५ | ४,३१८,४२१ | ६६२,३९४ |
| १२ | मुक्तिनाथ विकास बैंक लि., स्याङजा | ३ | १८ | २७,७०७ | १६,९७८ | ६१% | ६४,८३७ | ६४१,६२४ | ३६६,०२८ | २७५,५९६ |
| १३ | राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था (नेष्डो) नेपाल | ९ | १८ | २२,८२० | १५,०५५ | ६६% | ७५,३४० | ६३३,४३२ | ४५८,७१४ | १७४,७१८ |
| १४ | महुली सामुदायिक विकास केन्द्र, सप्तरी | ४ | १२ | २०,०५९ | १४,७६३ | ७४% | ६०,२३५ | ६६९,४३८ | ५४६,३०६ | १२३,१३२ |
| १५ | चारतारे युवा क्लव, बाग्लुङ | ५ | ९ | १६,९३६ | ९,७२० | ५७% | ३०,१२५ | २५२,३२७ | १८३,४१४ | ६८,९१३ |
| १६ | नेपाल महिला उत्थान केन्द्र, ललितपुर ¤ | ३ | १२ | १५,२०२ | ८,३९० | ५५% | ३५,९८० | ३२८,४११ | २५८,७३३ | ६९,६७९ |
| १७ | मानुषी, काठमाडौं | ४ | ९ | १३,७२५ | ८,६५८ | ६३% | ४४,६९१ | ४६२,२२९ | ३७५,०७१ | ८७,१५९ |
| १८ | सृजना विकास केन्द्र, पोखरा | ४ | ७ | ११,६२० | ६,८०७ | ५९% | २८,०१२ | ३२७,४१० | २४३,०६५ | ८४,३४४ |
| १९ | युनिक नेपाल, बर्दिया | ३ | ७ | ११,१२० | ५,८०१ | ५२% | २७,२०४ | १८४,४२३ | १३०,६०५ | ५३,८१८ |
| २० | सृजना सामुदायिक विकास केन्द्र, सिरहा | ३ | ६ | १०,२५५ | ६,८०८ | ६६% | १९,१३५ | २९६,०८४ | २२८,६९२ | ६७,३९२ |
| २१ | कर्णाली वचत तथा ऋण सहकारी संस्था लि., झापा | १ | ५ | ९,३१४ | ७,६९७ | ८३% | ४३,०४१ | ४७३,९७६ | ३८३,५७६ | ९०,४०० |
| २२ | बौद्ध ग्रामीण वचत तथा ऋण सहकारी संस्था लि., सुर्खेत | १ | ३ | ८,४२० | ४,९६५ | ५९% | २१,०४७ | ९६,१५५ | ६७,७३९ | २८,४१७ |
| २३ | श्रमजीवि वचत तथा ऋण सहकारी संस्था लि. लहान | १ | ५ | ८,१९१ | ५,५०३ | ६७% | १७,५५८ | २६६,५०४ | २१२,६२० | ५३,८८४ |
| २४ | कृषक जागरण उपभोक्ता सहकारी संस्था लि., लमजुङ | १ | ६ | ८,११९ | ५,०३४ | ६२% | १३,६७२ | १७२,५२९ | ११४,७९४ | ५७,७३५ |
| २५ | सामुदायिक महिला विकास केन्द्र (स्वेडेक), सप्तरी | ३ | ७ | ७,९६२ | ६,०९० | ७६% | २९,२०९ | ३७७,२३१ | ३२७,८१० | ४९,४२० |
| २६ | नव प्रतिभा वचत तथा ऋण सहकारी संस्था लि., नवलपरासी | १ | ५ | ७,६८८ | ४,२२३ | ५५% | १३,४६५ | १६०,८२३ | १२३,२५८ | ३७,५६५ |
| २७ | विकासकालागि स्थानिय स्वंसेवकहरुको प्रयास (सल्भ), धनकुटा | १ | ४ | ७,६६० | ४,७६२ | ६२% | १६,९६६ | १५०,४७२ | ११३,४९३ | ३६,९७९ |
| २८ | नेपाल महिला सामुदायिक सेवा केन्द्र, दाङ | १ | ३ | ७,२९४ | ४,७५१ | ६५% | २०,२४१ | २१९,००६ | १६९,०२३ | ४९,९८३ |
| २९ | महिला सहयोगी सहकारी संस्था लि., काठमाडौं | १ | ५ | ७,०७६ | ४,९५९ | ७०% | ३१,८११ | २९३,५५७ | २३१,१२१ | ६२,४३६ |
| ३० | वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., सुर्खेत | १ | ३ | ६,६०५ | ४,७२५ | ७२% | १५,३५९ | ७९,५१२ | ५३,७९६ | २५,७१६ |
| ३१ | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, बाग्लुङ | ६ | ५ | ५,६३२ | ३,३७१ | ६०% | १५,१५८ | २०९,८३६ | १७९,०३३ | ३०,८०२ |
| ३२ | ग्रामीण महिला उत्थान केन्द्र, दाङ | १ | ४ | ५,३६४ | २,७६३ | ५२% | ९,६९६ | ९५,९०० | ७१,०५६ | २४,८४४ |
| ३३ | बिन्धवासिनी वचत सहकारी संस्था लि., काभ्रे | १ | १ | ४,६६८ | २,८६० | ६१% | ३४,७३८ | १६६,९८४ | १३५,००९ | ३१,९७५ |
| ३४ | सेवा वचत तथा ऋण सहकारी संस्था लि., सुनसरी | १ | २ | ३,८३० | २,९६३ | ७७% | १७,६३६ | १८८,५५९ | १५५,७६१ | ३२,७९७ |
| ३५ | साना किसान कृषि सहकारी संस्था लि., बारा | १ | ४ | ३,५८९ | २,३५५ | ६६% | ७७,४८७ | ५५२,६४६ | ४२३,६४० | १२९,००५ |
| ३६ | नवोदय वचत तथा ऋण सहकारी संस्था लि., झापा | १ | ३ | ३,४९३ | २,४४४ | ७०% | ८,६२४ | ९६,०५५ | ७४,२८० | २१,७७५ |
| ३७ | किसान बहुउद्देश्यीय सहकारी संस्था लि., कैलाली | १ | १ | २,९६० | ९९० | ३३% | ५,२३८ | ३३,६६५ | २१,६७० | ११,९९४ |
| ३८ | महिला उपकार मञ्च, बाँके | १ | १ | २,८४६ | १,२७५ | ४५% | ५,१२२ | ४२,३८५ | २९,१७६ | १३,२०९ |
| ३९ | उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लि., कंचनपुर | १ | २ | २,७९३ | १,२५९ | ४५% | ४,९८२ | २३,०८५ | १५,७४७ | ७,३३८ |
| ४० | पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि., मकवानपुर | १ | १ | २,७३१ | १,६८७ | ६२% | १८,०७० | १५२,५२५ | १२४,४९५ | २८,०३० |
| ४१ | गंगामाला वचत तथा ऋण सहकारी संस्था लि., सुर्खेत | १ | १ | १,७४८ | १,२५९ | ७२% | २,२७४ | २०,६२३ | १३,१०४ | ७,५१९ |
| ४२ | मैत्री बहुउद्देश्यीय सहकारी संस्था लि., गुल्मी | १ | १ | १,५५६ | ७८७ | ५१% | ३,०८० | १७,८२८ | १०,८४५ | ६,९८३ |
| ४३ | अन्धकार मुक्ति वचत तथा ऋण सहकारी संस्था लि., पाल्पा | १ | १ | १,४१६ | ६२० | ४४% | २,१९६ | १८,९८२ | १३,७२२ | ५,२६० |
| ४४ | इन्द्रग्राम पुनर्मिलन वचत तथा ऋण सहकारी संस्था लि., चितवन | १ | १ | १,४१४ | १,०७१ | ७६% | ३,५८७ | ४५,८६१ | ३५,८३१ | १०,०२९ |
| ४५ | कालिका बहुउद्देश्यीय सहकारी संस्था लि. रसुवा | १ | १ | १,२२२ | ७७१ | ६३% | २,२५४ | ३१,०१३ | २३,५४० | ७,४७३ |
| ४६ | पाल्पा रारा वचत तथा ऋण सहकारी संस्था लि., पाल्पा | १ | १ | १,१३० | ६०३ | ५३% | ७,०९५ | १३,२६४ | ८,४२२ | ४,८४२ |
| ४७ | देउराली बहुउद्देश्यीय सहकारी संस्था लि., लमजुङ | २ | १ | १,०७८ | ७३५ | ६८% | १४,९४५ | ९४,८३० | ७५,२६९ | १९,५६० |
| ४८ | साना किसान कृषि सहकारी संस्था लि., सेमलार, रुपन्देही | १ | १ | १,०६२ | ४५८ | ४३% | ३५,००५ | १८७,६५८ | १३९,६२७ | ४८,०३१ |
| ४९ | विश्वासिलो वचत तथा ऋण सहकारी संस्था लि. बर्दिया | १ | १ | ९२८ | ४४५ | ४८% | २,०५२ | ७,२८७ | ४,७९९ | २,४८७ |
| ५० | साना किसान कृषि सहकारी संस्था लि., पर्रोहा, रुपन्देही | १ | १ | ९२१ | ४९२ | ५३% | २१,३७६ | १२२,६९४ | ८१,०२७ | ४१,६६७ |
| ५१ | चमेली वचत तथा ऋण सहकारी संस्था लि., सर्लाही | १ | १ | ६५३ | ५७१ | ८७% | १,६४८ | १५,९४५ | १२,०६३ | ३,८८२ |
| ५२ | डिग्रे साईकुमारी वचत तथा ऋण सहकारी संस्था लि., रुकुम | १ | १ | ५७० | ४११ | ७२% | १,५७० | १०,७७० | ७,११३ | ३,६५७ |
| ५३ | प्रगति वचत तथा ऋण सहकारी संस्था लि., सल्यान | १ | १ | ४६५ | ३४० | ७३% | ५२७ | ३,०१३ | १,८८१ | १,१३२ |
| | जम्मा | ५८* | ६१७ | १,०१३,५७१ | ७३७,३४६ | ७३% | ३,९५३,५३८ | ५७,९५६,१२८ | ४७,४९४,२९२ | १०,४६१,८३६ |

* एकै जिल्लमा एक भन्दा बढी लघुवित्त संस्थाहरु कार्यरत   ¤ २०६६ पौष मसान्तसम्मको तथ्यांक



रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.
पो.ब.नं. २०७८९, पुतलीसडक, काठमाडौं, नेपाल
फोन: ९७७-०१-४२६८०१९, ४२६८०२०, फ्याक्स: ९७७-०१-४२४७७०२
ईमेल: rmdc@wlink.com.np
web: rmdcnepal.com